गोसाईकुण्ड गाउँपालिका रसुवा

स्थानीय राजपत्र

खण्डः- ९ संख्याः-२ मितिः-२०८२/०४/०१


भाग - १

## गोसाईकुण्ड गाउँपालिकाको विनियोजन ऐन, २०८२

**गोसाईकुण्ड गाउँपालिकाको आर्थिक बर्ष २०८२/८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा बनेको ऐन**

सभाबाट स्वीकृत मितिः२०८२/०३/१०

**प्रस्तावनाः** गोसाईकुण्ड गाउँपालिकाको आर्थिक बर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम **गोसाईकुण्ड गाउँपालिका**को सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "**गोसाईकुण्ड गाउँपालिकाको विनियोजन ऐन, २०८२**" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०८२/०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०८२/०८३ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ४८,९८,८४,००३.२६ ( अक्षरेपी रुपैयाँ अड्चालिस करोड अन्ठानब्बे लाख चौरासी हजार तीन पैसा छब्बीस मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/०८३ को निमित्त **गोसाईकुण्ड गाउँकार्यपालिका**, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकमान्तर गर्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षक तर्फ रकमान्तर गर्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र रकमान्तर गर्न सकिने छैन ।

तर चालु तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकमान्तर गर्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम रकमान्तर गर्नु परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ । तर पुँजीगत खर्च शीर्षकबाट चालु शीर्षकमा रकमान्तर गर्न सकिने छैन ।

अनुसूची–१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

रु. हजारमा

| क्र.स. | अनुदान संख्या | शीर्षकको नाम | चालुगत खर्च | पुँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | ० | गाउँपालिका | १५२६६४ | १५९५१२ | ० | ३१२१७६ |
| २ | ० | संघ सशर्त | ११३२०० | २००० | ० | ११५२०० |
| ३ | ० | संघ समपूरक | ० | ५००० | ० | ५००० |
| | ० | संघ विशेष अनुदान | १६३०० | ० | ० | १६३०० |
| ४ | ० | प्रदेश सशर्त | ११७०८ | ८००० | ० | १९७०८ |
| ५ | ० | प्रदेश समपुरक | ० | १५००० | ०० | १५००० |
| ६ | ० | प्रदेश विशेष अनुदान | ६५०० | ० | ० | ६५०० |
| ७ | ० | ऋणको साँवा व्याज भुक्तानी | ० | ० | ० | ० |
| ८ | ० | लगानी (शेयर/ऋण) | ० | ० | ० | ० |
| | | जम्मा | ३००३७२ | १८९५१२ | | ४८९८८४ |

आज्ञाले,
दुतेन्द्र चाम्लिङ
प्रमुख प्रशासकीय अधिकृत